धादिङ जिल्ला अदालत
धादिङ

# धादिङ जिल्ला अदालतबाट जारी गरिएको

## सूचना

मितिः-२०८०।६।८

यस अदालतबाट प्रवाह हुने सेवा र सेवाग्राहीको प्रवेशलाई सुरक्षित, सुविधाजनक र व्यवस्थित बनाउनुका साथै सिमित जनशक्तिबाट सेवा गर्नु परिरहेको हालको अवस्था, फरक मुद्दा व्यवस्थापनको कार्यान्वयन, मुद्दाको बढ्दो चाप, बयान, बकपत्र र फैसला लेखनसमेतको कारण सेवाग्राहीलाई प्रदान गर्नु पर्ने सेवाप्रवाहलाई समयबद्ध बनाउनका लागि मिति २०८०।०५।२७ को निर्णय अनुसार मिति २०८०।०६।०९ बाट सेवा प्रवाह टोकन कार्ड र अदालत प्रवेश पास लागू गरिएको वेहोरा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

१. सेवा लिनको लागि अदालत प्रवेश गर्दा पासको अनिवार्य व्यवस्था गरिएकोले तारेख पर्चा देखाई पास लिई सहयोग गरिदिनु हुन।
२. तारेख पर्चा नभएमा आफ्नो कामको बेहोरा जानकारी गराई आफूसँग भएको परिचय पत्र देखाई प्रवेश पास लिनु हुनु।
३. म्याद थपमा उपस्थित गराइएका तथा नियमित पेशीको क्रममा उपस्थित गराइने थुनुवाहरुलाई प्रवेश पास. अनिवार्य नगरिएको र निजको आफन्त १ जनालाई परिचय पत्र देखाई प्रवेश पास दिइने।
४. नियमित प्रयोगकर्ताहरूलाई परिचय-पत्रको व्यवस्था नहुञ्जेलसम्म आफ्नो व्यक्तिगत परिचय-पत्र वा तारेख पर्चाको आधारमा प्रवश पास दिने।
५. कानून व्यवसायीलाई लोगो र निजको पोशाकको आधारमा प्रवेशको व्यवस्था गरिने।
६. आफूले पाएको प्रवेश पास काम सकी अदालत बाहिर निस्किदा प्रवेश पास अनिवार्य रूपमा मूलगेटमा रहेका सुरक्षाकर्मी वा अदालतको कर्मचारीलाई फिर्ता गरी दिन हुन।
७. अदालत भित्र प्रवेश गर्दा आफ्नो मोवाइल साइलेन्टमा राख्नु होलाः र इजलास भित्र प्रवेश गर्दा मोबाइल स्वीच अफ गर्नु होला ।
८. आकस्मिक अवस्थामा बाहेक म्याद थप पक्राउ पुर्जी, अनुमती, कल डिटेल आदि अनुसन्धान अधिकारीबाट आएको कार्यहरु ३:३० बजे गरिने ।

९. निम्न बमोजिम कार्यहरु (आइतबार देखि विहिवार सम्म ३:०० बजेसम्म र शुक्रबार १ बजे सम्म )।

- फिराद, प्रतिउत्तर, अभियोग, पुनरावेदन, नक्कल लिने आदि।
- विशेष प्रकृतिको निवेदनहरु।
- साक्षी बकपत्रको लागि तोकिएको पहिलो दिन अपरान्ह २:०० बजे पछि र सो दिन बकपत्र सम्पन्न हुन नसकेमा, भोलिपल्ट (निरन्तर हुने बकपत्र ११.०० बजे सुरु हुने।